# Interpreting Global Fund Guidance

Frequently Asked Questions

## विषय सूची


| | |
|---|---|
| ज्ञ। ग्लोबल फन्डले अहिलेसम्म के जानकारी गराएको छ ? | ज्ञ |
| द्द। कार्यान्वयनलाई रोक्ने वा स्थगित ९उबगकभ बलम मभाभचचबा० गर्ने भनेको के हो ? | **घ** |
| घ। "पुन:प्राथमिकीकरण र संसोधन ९चभउचष्यचष्तष्शबतष्यल बलम चभखष्कष्यलक०" भनेको के हो ? | **द्ध** |
| द्ध। समुदायहरु यस निर्णय गर्ने प्रक्रियामा कसरी संलग्न हुन सक्छन् ? | **ड** |
| छ। सामुदायिक कार्यक्रमहरु समावेश नभएमा म के गर्न सक्छु ? | **ज्ञज्ञ** |
| ट। म कसरी सहयोगको लागि अनुरोध गर्न सक्छु ? | ज्ञद्द |
| ठ। मबर्ष तभ्रुउबितभक | ज्ञद्ध |


## 1. ग्लोबल फन्डले अहिलेसम्म के जानकारी गराएको छ ?

### 1.1 ग्लोबल फन्डले देशहरुलाई के जानकारी दिएको छ ?

२५ अप्रिल २०२५ मा, ग्लोबल फन्डको सचिवालयले Principal Recipients (PR) हरुलाई निश्चित गतिविधिहरुको लागि ग्लोबल फन्ड अनुदानको खर्च "रोक्ने वा स्थगित गर्ने (pause and deferral)" आवश्यकताको बारेमा मार्गदर्शन गरेको छ । The full message can be found here.

यसका साथै, १६ मे २०२५ मा, सचिवालयले अनुदान चक्र ७ (GC7) को लागि थप अनुदान अनुकूलन उपायहरुको बारेमा मार्गदर्शन जारी गऱ्यो । यो मार्गदर्शनले केही अनुदान पोर्टफोलियोहरुबाट कोषहरु विनियोजन गर्ने, GC7 को बाँकी समयको लागि गतिविधिहरु पुन:प्राथमिकीकरण गर्ने, र आवश्यकता अनुसार अनुदान संसोधनहरु (reprioritization and revisions) प्रशोधन गर्ने आवश्यकतामा केन्द्रित थियो । The full message can be found here.

### 1.2 ग्लोबल फन्डको यी सञ्चारहरुको कारण के हो ?

ग्लोबल फन्डलाई सार्वजनिक र निजी दाताहरुद्वारा तीन-वर्षे पुनःपूर्ति चक्र (3-year replenishment cycle) मा वित्त पोषित गरिन्छ। दाताहरुले प्रतिज्ञा गरिसकेपछि, तिनीहरुले रकम ग्लोबल फन्ड सचिवालयमा हस्तान्तरण गर्नुपर्छ ताकि ती रकम खर्च हुन्। यो प्रक्रियालाई "प्रतिज्ञा रुपान्तरण" भनिन्छ।

२६ अप्रिल २०२५ सम्म, सचिवालयले आफ्ना दाताहरुबाट ८.५५ अर्ब अमेरिकी डलर प्राप्त गरिसकेको छ। लगभग ४२%, वा ६.१३ अर्ब अमेरिकी डलर अझै प्राप्त हुन पर्खिरहेको छ। केही दाताहरुले आफ्ना प्रतिज्ञाहरु हस्तान्तरण गर्ने इरादा स्पष्ट पारेका छैनन् र केहीले हस्तान्तरणमा ढिलाइ गरि रहेका छन्।

यो अवस्थाले ग्लोबल फन्डको लागि गम्भीर वित्तीय जोखिम सिर्जना गरेको छ। कोषको अभाव हुनबाट जोगिन, ग्लोबल फन्डले अनुदानको कार्यान्वयनका केही भागहरु रोक्ने वा खर्चलाई स्थगित गर्ने प्रस्ताव गरेको छ (जबसम्म दाताहरुबाट रकम हस्तान्तरण हुँदैन), र देशले पाएको अनुदानको केही प्रतिशत कटौती गर्ने र गतिविधिहरुलार्य पुनःप्राथमिकीकरण र संसोधन (reprioritization and revisions) गर्ने प्रस्ताव गरेको छ।

## 2. कार्यान्वयनलाई रोक्ने वा स्थगित (pause and deferral) गर्ने भनेको के हो ?

### 2.1 कुन गतिविधिहरु रोक्न सुझाव दिइएको छ ?

यस प्रक्रियाले लगानीको केही क्षेत्रहरु जुन कम महत्वपूर्ण वा समय-संवेदनशील छन् तिनीहरुलाई रोक्ने वा स्थगित गर्ने र अत्तिआवश्यक र जीवन बचाउने कार्यक्रमहरु जारी रहने कुरा सुनिश्चित गर्दछ। ग्लोबल फन्ड सचिवालयले राकिनु पर्ने गतिविधिहरुको विषेश सूची प्रदान गरको छैन्, तर निम्न प्रकारका राकिन सकिने खर्चका उदाहरणहरु प्रदान गरेको छ।

1. पूँजीगत लगानी (जस्तैः पूवाधार, स्वास्थ्य सुविधाहरुको निर्माण र मर्मत, आदि)
2. नयाँ सवारी साधन र आई टी, प्रयोगशाला र अन्य उपकरणहरुको खरिद
3. निश्चित तालिम, सम्मेलन र प्रकाशनहरु
4. सर्वेक्षण, अध्ययन, मूल्यांकन, र समीक्षा*
5. केही कार्यक्रम व्यवस्थापनका शिर्षहरु
6. जहाँ उपयुक्त हुन्छ, एच.आइ.भी, क्षयरोग, र मलेरिया सम्बन्धि केही कम आवश्यक वा समय-संवेदनशील गतिविधिहरु

ग्लोबल फन्ड कन्ट्री टिम (country team) ले रोकिने गतिविधिहरु निधारण गर्न PR र CCM सँग काम गर्नेछ।

***नोटः** सचिवालयले स्पष्ट पारेको छ कि community-led monitoring (CLM) “सर्वेक्षण, अध्ययन, मूल्यांकन, र समीक्षा” अन्तर्गतको रोकिने गतिविधिको रुपमा समावेश गरिएको छैन र यसलाई जारी राख्नुपर्छ। यदि तपाईको संस्थाले ग्लोबल फन्ड अन्तर्गतको CLM वा अन्य जीवन बचाउने र आवश्यक सामुदायिक कार्यक्रम रोक्ने वा स्थगित गर्ने निर्देशन प्राप्त गरेको छ भने कृपया ग्लोबल फन्डलाई रिपोर्ट गर्नको लागि कागजातहरु तयार राख्नुहोस्।

### 2.2 यी गतिविधिहरुको कार्यान्वयन कति समयसम्म रोकिनेछ ?

कार्यान्वयन कहिले दुखि पुनः सुरु हुन सक्छ भन्ने बारेमा कुनै मार्गदर्शन दिइएको छैन।

## 3. “पुनःप्राथमिकीकरण र संसोधन (reprioritization and revisions)” भनेको के हो ?

### 3.1 पुनःप्राथमिकीकरण र संसोधन भनेको के हो र यो “राक्ने वा स्थगित गर्ने” भन्दा कसरी फरक छ ?

मे महिनामा भएको ग्लोबल फन्डको बोर्ड बैठकमा, सचिवालयले “पुन:प्राथमिकीकरण र संसोधन” नामक नयाँ प्रक्रिया सुरु गर्ने आफ्नो योजना प्रस्तुत गर्‍यो । यो प्रक्रिया कार्यान्वयनलाई रोक्ने वा स्थगित गर्ने प्रक्रियाको अतिरिक्त हो, जुन एकै समयमा भइरहेको छ ।

यो “पुन:प्राथमिकीकरण र संसोधन” प्रक्रियाको सुरुमा सचिवालयबाट घटाइएको अनुदान रकमको जानकारी गराइनेछ । यसको अर्थ खर्च गर्न उपलब्ध अनुदान कोष कम हुनेछ । यसपछि, कुन कार्यक्रमहरुलाई कटौती गर्ने, परिवर्तन गर्ने, कायम राख्ने वा कोषका अन्य स्रोतहरु (जस्तै: देशका घरेलु स्रोत) मा सार्ने भन्ने बारे देशको नेतृत्वमा पुन:प्राथमिकीकरण प्रक्रिया हुनेछ ।

## 3.2 के यसले मेरो देशको अनुदानमा कोषको रकम (मात्रा) परिवर्तन गर्छ ?

हो, यस अनुदान कटौती प्रक्रियाले अनुदानमा कोषको मात्रा घटाउँछ । यो प्रक्रिया कार्यान्वयन रोक्ने वा स्थगित गर्ने प्रक्रियाभन्दा फरक हो ।

प्रत्येक देशबाट घटाइने रकम अहिले देखि मध्य जुन महिनासम्ममा गणना गरिनेछ । सचिवालयले प्रति देश रकम गणना गर्न एक सुत्र प्रयोग गर्नेछ, जुन प्राय: खर्च नभएको बाँकी रकमको मात्रामा आधारित हुन्छ । त्यसपछि यो रकम धेरै ‘गुणात्मक समायोजत’ प्रयोग गरेर समायोजन गरिनेछ जसमा निम्न कुराहरु समावेश छन्:

- विनियोजन पद्धतिसँग मिल्दोजुल्दो रहने
- LEN जस्ता राम्रो आविष्कारहरु प्रस्तुत गर्ने
- महत्वपूर्ण GC7 कार्यक्रमहरु (interventions) कायम राख्ने
- गतिविधिहरुको घरेलु अपनत्व र सह-वित्तपोषण प्रतिवद्धताहरु
- देशको अमेरिकी सरकारको अनुदान प्रति निर्भरता (PEPFAR, PMI)
- चुनौतीपूर्ण सञ्चालन वातावरण स्थिति

## 3.3 पुन:प्राथमिकीकरण र संसोधन प्रक्रियाको लागि समयसीमा कति हो ?

पुन:प्राथमिकीकरण र संसोधन प्रक्रियाको लागि अपेक्षित समयसीमा यस प्रकार छः

- Mid-May to mid-June: सचिवालयले देशको संसोधित कोष रकम गणना गर्नेछ ।
- Mid-June: सचिवालयले देशको संसोधित कोष रकम PRs र CCM हरुलाई सूचित गर्नेछ । **CCM को लागि दुई हप्ताको समीक्षा अवधि सुरु हुनेछ ।**
- End-June: दुई हप्ताको समीक्षा अवधिको अन्त्यमा, CCM लाई संसोधित अनुदान रकमहरु अनुमोदन गर्न अनुरोध गरिनेछ ।
- July to September: PRs, CCM हरु र ग्लोबल फन्डले अनुदान कागजातहरु परिमार्जन गर्न काम गर्नेछन् । अनुदान संसोधन पूरा भएपछि, PR ले अवस्थित अनुदान संसोधन प्रक्रिया अनुसार CCM लाई अनुदान संसोधन अनुरोध पठाउनेछ । CCM सँग अन्तिम अनुदान संसोधन अनुरोधको समीक्षा र छलफल गर्न र अनुमोदन प्रदान गर्न दुई हप्ताको अवधि हुनेछ, जसपछि PR ले ग्लोबल फन्डमा पेश गर्न सक्छ ।
- 28 September: सबै अनुदान संसोधनहरु पूरा हुने ।

**CCM संलग्नताको लागि समय सीमा धेरै छोटो छ ।** त्यसैले निर्णय प्रक्रियामा समावेश हुनको लागि, जुन महिनाको मध्यभन्दा धेरै अघि - सकेसम्म चाँडो आफ्नो प्राथमिकताहरु तयार गर्नु, परामर्श गर्नु र आफ्ना CCM हरुलाई सम्पर्क गर्नु महत्वपूर्ण छ ।

## 3.4 पुन:प्राथमिकीकरण र संसोधन प्रक्रियाको क्रममा कुन गतिविधिहरुलाई प्राथमिकताबाट वञ्चित गर्नु हुँदैन ?

ग्लोबल फन्डले कुन गतिविधिहरु कायम राख्नु पर्छ र कुनलाई वञ्चित गर्नुपर्छ भनेर परिभाषित गर्ने सार्वजनिक मार्गदर्शन जारी गरेको छैन । **यद्यपि, ग्लोबल फन्डले निम्न कार्यक्रमगत क्षेत्रहरुलाई कोष प्राप्त गर्न जारी राख्न सुझाव दिएको छः**

**एच.आई.भी अनुदानका लागिः**

- जीवन बचाउनेः उपचार र हेरचाहको निरन्तरता सुनिश्चित गर्ने, निदान गर्ने, र क्षयरोग र उन्नत एच.आई.भी रोगको हेरचाह, निदान र व्यवस्थापनमा पुन:संलग्न गराउने
- एच.आई.भी संक्रमितहरुको पहिचान गर्नेः एच.आई.भी परीक्षण र linkage, PMTCT
- प्राथमिक रोकथाम सुनिश्चित गर्नेः कन्डम, PrEP, मौखिक प्रतिस्थापन र व्यवस्थापन, विशेष गरी मेथाडोन, नालोक्सोन, सुरक्षित इन्जेक्शनका वस्तुहरु ।
- अन्य Cross-cutting: दिगो मानव अधिकार कार्यक्रमहरु र पैरवी जसले स्वास्थ्य सेवासम्म पहुँच*, सामुदायिक (दौतरी) घरदैलो (peer outreach) कार्यक्रमको पहुँच (विशेष गरी रोकथाम, परीक्षण, सुरक्षाको लागि), HIV रोकथामको लागि बजार आकार (market shaping) गर्दछ ।

**क्षयरोग अनुदानका लागि:**

- निदान र उपचार: क्षयरोगको निदान र उपचारलाई सुनिश्चित गर्दै अन्य एकीकृत प्रयासहरु गर्ने। जस्तै - सेवामा पहुँच गर्न लान्छना र भेदभाव र अन्य मानव अधिकार र लैंगिक अवरोधहरुलाई सम्बोधन गर्ने, क्षयरोग भएका व्यक्तिहरुका लागि HIV परीक्षण र उपचार, HIV, मधुमेह (Diabetes), र कुपोषण भएका व्यक्तिहरुका लागि क्षयरोग स्क्रिनिङ, नयाँ स्क्रिनिङ र निदान उपकरहरु, छोटो उपचार पद्धतिहरु
- लक्षित, सक्रिय केस पहिचान (active case finding): प्रमुख र उच्च जोखिममा रहेका समूह र उच्च घटना क्षेत्रहरुमा ध्यान केन्द्रित गर्ने, बालबालिकाहरुलाई प्राथमिकता दिई सम्पर्क अनुसन्धान, उपचार र रोकथाम सँग linkage, सक्रिय केस पहिचान कार्यलाई एकीकृत गर्ने
- रोकथाम: एच.आई.भी संक्रमित व्यक्तिहरुका लागि क्षयरोग निवारक थेरापी (TPT), TPT सुरुवातको लागि लक्षणमा आधारित स्क्रिनिङ
- अन्य Cross-cutting: क्षयरोग निदानको लागि निगरानी (Surveillance), प्रयोगशाला सुदृढीकरण, र बजार आकार दिने, हेरचाहको क्यासकेडमा (cascade of care) समुदायहरुलाई संलग्न गर्ने, निजी क्षेत्रलाई संलग्न गर्ने

**मलेरिया अनुदानका**

- केस व्यवस्थापन (case management): मृत्युदर घटाउनका लागि अनुकूलित, प्राथमिकताबद्ध, र प्रभावकारी रणनीतिहरु, समुदाय र सुविधा स्तर (facility level) मा निदान, गुणस्तरीय सेवाहरुमा पहुँच
- रोग रोकथाम: सबैभन्दा जोखिममा रहेका र उच्चतम संक्रमण दर भएकालाई लक्षित सेवाहरु, सबैभन्दा प्रभावकारी र कुशल वितरण च्यानलहरु मार्फत भेक्टर नियन्त्रण (vector control), र ५ वर्ष मुनिका बालबालिकाहरुमा केन्द्रित SMC, IPTp and chemoprevention लाई पूर्ण रुपमा एकीकृत गर्ने र सम्भव भएसम्म राष्ट्रिय कोषबाट लगानी गन
- निगरानी (Surveillance): उप-राष्ट्रिय अनुकूलित दृष्टिकोणहरु सुधार गर्ने, कम उच्चस्तरीय सर्वेक्षणहरु, र ANC1 surveillance र LQAS, र जैविक खतराहरु (TES, hrp2/3 मेटाउने, कीटनाशक प्रतिरोध) को अनुगमन गर्ने। महामारी तयारीलाई (epidemic preparedness) एकीकृत र विकेन्द्रीकृत गर्ने।
- अन्य Cross-cutting: जैविक खतराहरुलाई सम्बोधन गर्न HRH/CHW, आपूर्ति श्रृंखला, HMIS, र उत्पादन चयन (product selection)

***नोट:** मानव अधिकार सम्बन्धि कार्यक्रमहरु र पैरवी (advocacy) लाई दिगो बनाउनु एक उल्लेखित प्राथमिकता हो। यी कार्यक्रमहरु समुदायको नेतृत्वमा हुनुपर्छ र सरकारी प्रणाली बाहिर कायम राख्नुपर्छ। केही सेवा वितरणलाई (service delivery) सरकार-सञ्चालित सुविधाहरुसँग (government-run facility) एकीकृत गर्न दबाब हुनसक्छ, तर यो मानव अधिकार कार्यक्रम कायम राख्न प्रभावकारी रणनीति होइन। मानव अधिकार र प्रमुख जोखिम समुदायका सेवाहरु काटिएका छैनन् वा सरकारी मातहातभित्र समावेश गरिएका छैनन् भन्ने सुनिश्चित गर्न पैरवी आवश्यक पर्न सक्छ।

## 4. समुदायहरु यस निर्णय गर्ने प्रक्रियामा कसरी संलग्न हुन सक्छन् ?

**4.1 कुन गतिविधिहरुको कार्यान्वयन रोक्ने/स्थगित गर्ने, लगानी घटाउने, वा पुनःप्राथमिकीकरण गर्ने भन्ने निर्णय कसले गर्नेछ ?**

सबैभन्दा पहिले, ग्लोबल फन्ड country team ले GC7 को बाँकी समयको लागि संशोधित कोष रकम बारे जानकारी दिन PR सँग सम्पर्क गर्नेछ। यो प्रत्येक देशको लागि छुट्टाछुट्टै गणना गरिनेछ र GC7 कोषबाट हालसम्म कति खर्च भइसकेको छ भन्ने कुरालाई ध्यानमा राखिनेछ। Country team ले कुन गतिविधिहरुलाई प्राथमिकताबाट वञ्चित गर्नुपर्छ भन्ने बारे पनि सुझाव दिनेछ।

GC7 मा बाँकी रकमलाई कसरी पुनःप्राथमिकीकरण गर्ने भन्ने प्रस्ताव विकास गर्न PR ले country team सँग मिलेर काम गर्नेछ। जुन महिनाको मध्यमा, PR ले उक्त प्रस्ताव CCM लाई पठाउनेछ। CCM लाई समीक्षा, प्रतिक्रिया र अनुमोदन गर्न दुई हप्ताको समय हुनेछ।

ग्लोबल फन्डले CCM बाट अनुमोदन अनुरोध गर्ने भएपनि, CCM का हरेक सदस्यले औपचारिक रुपमा हस्ताक्षर गर्नुपर्ने कुनै आवश्यकता छैन। यस कारणले गर्दा, समुदायबाट सझाव नलिई निर्णयहरु छिटो गरिने उच्च जोखिम छ। समुदायहरुले आफ्ना सुझाव र प्रतिक्रिया प्रदान गर्न सक्रिय र नियमित रुपमा आफ्नो CCM प्रतिनिधि र CCM सचिवालयमा सम्पर्क गर्नुपर्छ।

## 4.2 यस प्रक्रियामा संलग्न हुनको लागि मैले कसलाई सम्पर्क गर्नुपर्छ ?



### 4.3 समुदायहरुले CCM मा कस्ता प्रमाणहरु ल्याउनु पर्छ ?

कुन कार्यक्रमहरु रोक्ने वा प्राथमिकताबाट वञ्चित गर्ने भन्ने निर्णयहरु चुनौतीपूर्ण हुनेछन्, र कोषको लागि वकालत गर्ने धेरै प्रतिस्पर्धात्मक प्राथमिकताहरु हुनेछन् । सामुदायिक प्राथमिकताहरुको लागि प्रभावकारी रुपमा वकालत गर्न, तपाईले सामुदायिक कार्यक्रमहरुको महत्व र प्रभावकारिताको प्रमाण प्रदान गर्न आवश्यक हुन्छ ।

1. **हालको अनुदानको समीक्षा गर्नुहोस्:** पहिले चरण भनेको सक्रिय अनुदान (GC7) मा कुन-कुन गतिविधिहरु समावेश गरिएका छन भनेर बुझ्नु हो । तपाईले आफ्नो CCM मार्फत यो जानकारीमा पहुँच हुन सक्छ वा तपाईले ग्लोबल फन्डको **Data Explorer** वा यस **CCM Dashboard** मा अनुदान बजेटको बारेमा विस्तृत जानकारी पाउन सक्नुहुन्छ ।

2. **ग्लोबल फन्डको भाषा प्रयोग गरेर गतिविधिहरुको वर्गीकरण गर्नुहोस्:** ग्लोबल फन्डले विशेष रुपमा कटौती गर्न नहुने गतिविधिहरुको प्रकारलाई उल्लेख गरेको छ । यदि तपाई समुदाय-केन्द्रित कार्यक्रमहरु ती मापदण्डहरुमा किन पर्दछन् भन्ने कुराको वकालत गर्न सक्नुहुन्छ भने, तपाई सफल हुने सम्भावना बढी हुनेछ । आफ्नो संस्था, सञ्जाल र समुदाय, साथै CLM कार्यक्रमहरुबाट आएका प्रमाणहरु प्रयोग गर्नुहोस् ।
3. **सम्भव भएसम्म सम्मेलन/परामर्श गर्नुहोस्** । यदि तपाई सक्नुहुन्छ भने समुदायहरुको साझा 'माग' हरुको विकास गर्न सामुदायिक सम्मेलन वा गोष्ठीहरु गर्नुहोस् । एउटै कुराको लागि जति धेरै व्यक्ति र संस्थाहरुले वकालत गर्छन, तपाईको आवाज त्यति नै बलियो हुन्छ ।

4. **आफ्ना माग र प्रमाणहरु सहितको कागजात तयार गर्नुहोस्** । तपाईले ***Template #4*** प्रयोग गर्न सक्नुहुन्छ । यसलाई आफ्नो देशका सबै सरोकारवालाहरुलाई पठाउनुहोस्, जस्तै CCM, PR, र country team ।

## 5. सामुदायिक कार्यक्रमहरु समावेश नभएमा म के गर्न सक्छु ?

### 5.1 यदि मेरो देशको एच ले आवश्यक उपचार, रोकथाम, वा सामुदायिक कार्यक्रमहरु बन्द गर्छ भने मैले के गर्नुपर्छ ?

यदि तपाईले कुनै चुनौतीको सामना गर्नुभयो भने, सबैभन्दा महत्वपूर्ण कुरा भनेको छिटो कदम चाल्नु हो, किनकि यस प्रक्रियामा निर्णयहरु द्रुत गतिमा हुनेछन् ।

1. सबै कुराको दस्तावेज तयार गर्नुहोस्: सबैभन्दा पहिले के भइरहेको छ भन्ने कुरा सकेसम्म धेरै विवरणसहितको दस्तावेजीकरण गर्नु महत्वपूर्ण छ । यदि तपाईले कुनै समस्याको वकालत वा रिपोर्ट गर्ने हो भने यी दस्तावेजहरु महत्वपूर्ण हुनेछ ।
2. **छिटोभन्दा छिटो काम अगाडि बढाउनुहोस्:** निर्णय लिने समयसीमा धेरै छोटो छ, त्यसैले सकेसम्म चाँडो वकालत गर्नु महत्वपूर्ण छ । समय धेरै कम भएकोले, एक-एक जना गर्दै सम्पर्क गर्नुभन्दा सबै सान्दर्भिक निर्णयकर्ताहरुसँग एकैचाटि आफ्ना चिन्ता र चुनौतीहरु साझा गर्नुहोस् । यसले

तपाईको अनुरोधमा कसैले ध्यान दिन्छ भन्ने कुरा सुनिश्चित गर्नेछ। तपाईल ***Template #5*** प्रयोग गरेर काम अगाडि बढाउन सक्नुहुन्छ।

3. **तपाईको समस्या यसमा रिपोर्ट गर्नुहोस्** (**community escalation platform**)। यो प्लेटफर्म नागरिक समाजद्वारा सञ्चालित छ र यसले तपाईलाई ग्लोबल फन्डमा सही व्यक्तिहरुलाई सम्पर्क गर्न, समान समस्या भएका अन्य व्यक्तिहरुसँग सम्पर्क गर्न वा तपाईको तर्फबाट वकालत गर्न साझेदारहरुसँग सम्पर्क गर्न सहजीकरण गर्नेछ

## 6. म कसरी सहयोगको लागि अनुरोध गर्न सक्छु ?

### 6.1 मलाई PR र ग्लोबल फन्ड सचिवालयसँग सम्पर्क गर्न सहयोग चाहिएको छ। म कसलाई सम्पर्क गर्न सक्छु ?

CCM सँग संलग्न हुँदा तपाईले सामना गर्नुपर्ने धेरै चुनौतीहरु छन्:

1. CCM लाई निर्णय लिने प्रक्रियाबाट बहिष्कृत गरिएको छ।
2. CCM ले तपाईलाई निर्णय प्रक्रियामा भाग लिनबाट बहिष्कृत गर्दछ।
3. समुदायका अनुरोधहरुलाई बेवास्ता गरिन्छ।
4. समुदाय-केन्द्रित कार्यक्रमहरु कटौती गरिन्छ।
5. समुदाय-केन्द्रित कार्यक्रमहरुलाई सरकारी कार्यक्रमहरुमा एकीकृत गरिन्छ, जहाँ ति कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुने उच्च जोखिम हुन्छ।

यी सबै परिदृश्यहरुमा, तपाई छिटो र व्यापक रुपमा अगाडि बढ्नु पर्छ। यदि तपाईले सामान्य मार्गहरु मार्फत आफ्ना चिन्ताहरु अगाडि बढ्नको लागि पर्खनुभयो भने, निर्णयहरु लिइने र त्यसलाई अन्तिम रुप दिइने जोखिम हुन्छ।

तपाई आफैंले मुद्दाहरु अगाडि बढाउन सक्नुहुन्छ, वा तपाईले सहयोग अनुरोध गर्न सक्नुहुन्छ। यदि तपाई आफैंले इमेलहरु पठाउन चाहनुहुन्छ भने, तपाई ***Template #3*** प्रयोग गर्न सक्नुहुन्छ। यदि तपाई नागरिक समाज साझेदारहरुसँग अगाडि बढ्न चाहनुहुन्छ भने, कृपया आफ्ना चुनौतीहरु यस फारम **using this form** प्रयोग गरि पठाउन सक्नुहुन्छ।

### 6.2 के सामुदायिक सम्मेलन/गोष्ठीको लागि कुनै आर्थिक सहयोग उपलब्ध छ ?

ग्लोबल फन्ड मार्गदर्शनले CCM हरुलाई "विशेष गरी नागरिक समाज र समुदायहरुको व्यापक संलग्नता र परामर्शलाई समर्थन गर्न CCM कोषबाट बजेट छुट्टाउन सकिन्छ कि भनेर विचार गर्न प्रोत्साहित गरिएको

छ” भनी बताउँछ । साथै, Community Engagement Strategic Initiative (CE SI) बाट थोरै देशहरुमा थप सहयोग हुनसक्छ ।

आर्थिक सहयोग अनुरोध गर्न, समुदायहरुले ऋत्रः र सचिवालयबाट सहयोगको लागि ***Template #3*** प्रयोग गर्न सक्छन् । स्रोतहरु धेरै सीमित हुने भएको ले अनुरोधहरु सिधै साझेदारहरुलाई गर्नुपर्छ, जस्तै Global Fund Regional Learning Hubs, KP networks, UNAIDS, L'Initiative, र अन्य दाताहरु ।

तपाई यो फारम **using this form**, यो प्रयोग गरेर पनि सहयोगको लागि अनुरोध गर्न सक्नुहुन्छ, जसले नागरिक समाजका साझेदारहरुलाई तपाईलाई सम्भावित स्रोतहरुसँग जोड्न मद्दत गर्नेछ ।

## 7. Email templates

**Template #1: For CCM members to contact CCM and PR**

To: [CCM Chair], [CCM Vice-Chair], [PR focal point(s)], [Fund Portfolio Manager] CC: [Community Rights and Gender], [Other CCM representatives, as needed], [Other civil society and community partners, as needed]

Subject: Request for engagement in slow-down, reprioritisation, and revision

Dear [CCM Chair], [Vice-Chair], and [PR focal point],

I am writing with regard to the "deallocation and reprioritisation" process for Global Fund grants. As the CCM member representing [sector], I am concerned that the short timeline provided by the Secretariat leaves little room for CCM discussion and meaningful community engagement and input.

The decisions about which programmes to cut, alter, or integrate will have a profound impact on communities. It is essential that community voices, perspectives, and expertise are centred in this process.

I am requesting the following:

1. An **urgent CCM meeting** to discuss the deallocation process and timeline, and to develop a plan for robust community consultation. This meeting should happen as soon as possible, well before the formal communication of the revised funding envelope in mid-June.

2. Commitment from the PR to actively engage community representatives, including those from key and vulnerable populations, in the reprioritisation discussions. This **engagement must begin now** and cannot wait until the two-week CCM review period begins.
3. **Financial support** for communities to begin consultations around this decision-making process, taken from the CCM budget and/or additional resources from the CCM Hub or CRG.

We look forward to working together to ensure a deallocation and reprioritisation process that preserves life-saving services and minimises harm.

Thank you for your attention to this matter.

Sincerely,

[Your name]

[Other co-signatories from CCM and/or civil society, as needed]

**Template #2: For non-CCM members to contact their CCM representative**

To: [CCM Chair], [CCM Vice-Chair], [CCM Administrative Focal Point]
CC: [Fund Portfolio Manager], [Community Rights and Gender], [Other civil society and community partners, as needed]

Subject: Request for engagement in slow-down, reprioritisation, and revision

Dear [CCM Contact(s) Name(s)],

I am writing with concern regarding the "deallocation and reprioritization" process for Global Fund grants. As a [title and organization] and a member of [sector], I am hoping for an opportunity to engage with the CCM to ensure that community perspectives are meaningfully included in this critical decision-making.

As a member of the [organization/community], I am requesting that you:

1. Advocate for **an urgent CCM meeting** to discuss the deallocation process and timeline, and to develop a plan for strong community consultation. This meeting should happen as soon as possible, well before the mid-June deadline.

2. Launch a **rapid consultation process** to ensure that community representatives are actively engaged in the reprioritization discussions.

3. **Financial support** for communities to begin consultations around this decision-making process, taken from the CCM budget and/or additional resources from the CCM Hub or CRG.

We look forward to working together to ensure a deallocation and reprioritisation process that preserves life-saving services and minimises harm.

Thank you for your attention to this matter and for representing community voices on the CCM.

Sincerely,

[Your name]

[Other co-signatories from civil society, as needed]

**Template #3: Submit a request for support**

To: [CCM Chair], [CCM Vice-Chair], [CCM Administrative Focal Point], [Community Rights and Gender], [CCM Hub]
CC: [Other CCM representatives, as needed], [Other civil society and community partners, as needed]

Subject: Urgent request for support with community engagement in reprioritisation process

Dear [CCM Chair], [CCM Vice-Chair], and CRG and CCM Hub colleagues,

I am writing to you as a [CCM and/or community] member in [Country]. I am deeply concerned about the impending "deallocation and reprioritization" process, and the lack of meaningful community engagement in this critical decision-making.

The two-week review period for the CCM to provide feedback on reprioritization is extremely short. This leaves little room for the kind of robust community consultation that is essential to ensure the needs and priorities of affected populations are reflected.

I am reaching out to request support from the Secretariat to facilitate community consultations on the grant reprioritization process. Specifically, I would like [financial support and/or technical assistance] with:

1. **Organizing a virtual and/or in-person consultation** with key and vulnerable populations, community-based organizations, and other relevant stakeholders. These consultations should happen as soon as possible, well before the mid-June CCM review deadline.

2. Developing a structured **process to gather community input**, feedback, and recommendations on the proposed funding changes and reprioritization of programs.

3. Synthesizing the outcomes of the community consultations into a **comprehensive report** that can be presented to the CCM and the Global Fund

Secretariat.

4. Providing **technical assistance and guidance** to ensure the community consultation process is inclusive, meaningful, and elevates the voices of those most impacted by the proposed changes.

I would welcome the opportunity to discuss this request further. Please let me know if you have any questions or require additional information.

Thank you in advance for your consideration and support.

Sincerely,

[Your name]

[Other co-signatories from CCM and/or civil society, as needed]

**Template #4: Submit community requests**

To: [Fund Portfolio Manager], [CCM Chair], [CCM Vice-Chair], [PR focal point(s)]
CC: [Community Rights and Gender], [Head, Grant Management Division], [Other CCM representatives, as needed], [Other civil society and community partners, as needed]

Subject: Submission of community priorities for reprioritisation in [country]

Dear [Fund Portfolio Manager], [CCM Chair], [CCM Vice-Chair], [PR focal point(s)]

On behalf of the community stakeholders we represent, we are writing to provide our recommendations and justifications for which programs should be prioritized and maintained during the upcoming Global Fund grant reprioritization process.

We understand the serious financial constraints facing the Global Fund and the need to make difficult decisions about grant allocations. However, we strongly believe that community-led and community-focused programs must be protected and prioritized, as they are essential to achieving the Global Fund's mission, delivering life-saving services, and ensuring the meaningful engagement of affected populations.

Based on our consultations, as well as our review of the current grant portfolio, we **recommend that the following program areas be maintained** and not subject to cuts or reductions:

1. [Program name]. Justification: [Explanation]
2. [Program name]. Justification: [Explanation]
3. [Program name]. Justification: [Explanation]
4. [Program name]. Justification: [Explanation]

We request the Global Fund to preserve these urgent community priorities. We are happy to provide additional information, data, and justification to support the importance of these program areas.

Sincerely,

[Your name]

[Other co-signatories from CCM and/or civil society, as needed]

### Template #5: Escalate to Global Fund and partners

To: [Head, Grant Management Division], [Fund Portfolio Manager], [CCM Chair], [CCM Vice-Chair], [PR focal point(s)]
CC: [Community Rights and Gender], [Other CCM representatives, as needed], [Other civil society and community partners, as needed]
Subject: Urgent and time-sensitive challenges with reprioritization process in [country]

Dear [Head, Grant Management Division] and [Fund Portfolio Manager],

I am writing to you with **serious concerns about the decision-making process** around the "deallocation and reprioritization". Despite our best efforts to engage the [CCM or PR or CT] in meaningful consultations with affected communities, we are now facing the very real risk of critical, life-saving community programs being cut.

Specifically, we are deeply alarmed that the following **life-saving programs are being considered for reduction or elimination**:

1. [Program name]. Justification: [Explanation for why program is essential and consequences of cutting it]

2. [Program name]. Justification: [Explanation for why program is essential and consequences of cutting it]

3. [Program name]. Justification: [Explanation for why program is essential and consequences of cutting it]

4. [Program name]. Justification: [Explanation for why program is essential and consequences of cutting it]

These programs are not only essential to achieving the Global Fund's mission, but they are also a critical lifeline for the most marginalized and vulnerable communities in our country. Cutting or reducing funding for these initiatives would have devastating consequences and undermine years of progress in the fight against HIV, TB, and malaria.

**We have repeatedly raised these concerns** with the [PR, CCM, or CT], but [explain - were they ignored? What happened?]. The short timeline and opaque decision-making process are raising serious concerns.

We urgently request your immediate intervention to:

1. **Suspend the current grant reprioritization process** until there has been sufficient time for genuine, inclusive community consultations.
2. Ensure that life-saving community-led programs, as outlined above, are **explicitly protected and maintained** as part of the revised grant portfolios.
3. Provide **direct engagement** and support to the CCM and PR to facilitate meaningful community engagement in the decision-making.
4. **Monitor the situation closely** and hold the [CCM and/or PR] accountable for upholding the Global Fund's commitments to community engagement and human rights.

We thank you in advance for your urgent attention to this matter and your support for the communities we serve.

Sincerely,

[Your name]

[Other co-signatories from CCM and/or civil society, as needed]